# वागमती प्रदेश सरकार सञ्चालन समन्वय कार्यदल २०७८ को तर्फबाट प्रस्तावित

# वागमती प्रदेश सरकारको न्युनतम साझा कार्यक्रम २०७८

२०७७ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुइ-दुइ पटक असवैधानिक रुपमा प्रतिनिधिसभा विघटन गरी सर्वसत्तावादी, अलोकतान्त्रिक, निरंकुश र अधिनायकवादी रुपमा शासन सत्ता सञ्चालन गर्ने प्रतिगामी प्रवृत्तिका कारण नेपालको राजनीतिक स्थायीत्व माथि आएको नकारात्मक चुनौतिलाई सामना गर्दै,

नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रहँदै समुन्नत संघीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहीत, समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने सङ्कल्प गर्दै केन्द्रमा लोकतन्त्र र अग्रगमनका पक्षधर पाँच दलीय गठबन्धन निर्माण गरी संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र र जननिर्वाचित संसदको रक्षा गर्दै अघि बढेको सन्दर्भमा,

वागमती प्रदेशको हित, प्रदेशवासी नागरिकको राजनीतिक स्थायीत्व, विकास र सुशासनको चाहनालाई पुरा गर्ने प्रण गर्दै, वागमती प्रदेश सभामा कुनै एक दलको एकल बहुमत नभएको कारण दुइ वा दुइ भन्दा वढि दलको सहमतीमा सरकार निर्माण गर्नु पर्ने संवैधानिक व्यवस्था र तात्कालिक आवश्यकतालाई सम्वोधन गर्दै,

आपसी संवाद, सहमति र सहकार्य मार्फत गठबन्धनको संस्कृति विकास गर्न प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरु नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) तल उल्लेखित न्युनतम् साझा कार्यक्रम मार्फत सरकार सञ्चालन गर्न सहमत भएका छौं ।

**संयुक्त सरकारका प्राथमिकता**

१. यो सरकारको मुख्य प्राथमिकता कोभिड १९को महामारीबाट प्रदेशबासी नागरिकको जीवन रक्षा गर्नु रहेको छ,

२. संविधानको सर्वोच्चता, कानूनी राज्य र सुशासनको प्रत्याभूति दिलाउने गरी सरकार सञ्चालन गरिनेछ,

३. संघीयताको कार्यान्व्यनका लागि प्रदेश सरकारका माध्यमबाट सशक्त पहल गरी संवैधानिक क्षेत्राधिकार वमोजिम प्रदेशका अधिकारको प्रयोग र स्थानीय तहका अधिकार हस्तान्रण गरिनेछ ।

४. गुणस्तरीय शिक्षा र स्वास्थ्यमा आम नागरिकको पहुँच स्थापित गरिनेछ । आर्थिक सामाजिक रुपान्तरणको आधार निर्माण गर्दै उच्च र समन्यायिक आर्थिक रुपान्तरणमा जोड दिइनेछ,

Scanned with CamScanner

५. कृषि तथा उत्पादनमुखि अर्थतन्त्रमा जोड, आपूर्ति व्यवस्थामा सुधार, महङ्गी नियन्त्रण तथा भ्रष्टचारप्रति शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ,

६. कोभिड १९ का कारण संकटग्रस्त बिशेष प्रभावित क्षेत्रको उत्थान तथा कोभिड १९बाट प्रभावित श्रमजीवि, विपन्न, बेरोजगार आदि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ,

७. बाढि, पहिरो, आगलागि, डुवान तथा अन्य प्राकृतिक विपत्तिमा परेका जनताको उद्दार, राहत तथा पुनर्स्थापनाका कार्यहरु गरिनेछ ।

**संयुक्त सरकारका नीति र कार्यक्रम**

**क) कोभिड १९को सामना तथा स्वास्थ्य क्षेत्रको सुदृढिकरण**

१. कोभिड १९ को चुनौतिको सामना गर्दै कोभिड १९ बाट प्रदेशबासी नागरिकलाई उन्मुक्ति दिन संघीय सरकारसंग समन्वय गरी खोप लगाउन योग्य सबै नागरिकमा २०७८ चैत्र मसान्तसम्म पूर्ण खोपको सुनिश्चितता गरिनेछ ।

२. प्रदेश अस्पतालहरुको निरन्तर सुदृढिकरण गरी कोभिड १९को उपचार लगायत गुणस्तरीय स्वास्थ्य सेवाको पहूँच विस्तार गर्दै आम नागरिकमा पुर्याइनेछ ।

३. कोभिड १९ को उपचारमा संलग्न जनशक्तिलाई यस अघि कार्यविधि बमोजिम दिइदै आएको प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

४. कोभिड १९ को ओमिक्रोन लगायतका सम्भावित नयाँ लहरको जोखिमबाट बच्न स्वास्थ्य सचेतना वढाउने, आवश्यक जनशक्ति र गुणस्तरीय स्वास्थ्य सामाग्रीको व्यवस्थापन गर्ने, अक्सिजन र अन्य आवश्यक औषधीको आपूर्ति सुनिश्चित गर्ने तथा स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

**ख) संघीयताको कार्यान्वयन र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढिकरण**

१. संघीयताको कार्यान्वयनका लागिसंघीय सरकार सँग बिशेष पहल गरिनेछ ।

२. प्रदेश प्रहरी समायोजनको पहल लिने र समायोजन गरी प्रदेश प्रहरी सञ्चालन गरिनेछ ।

३. प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न आवश्यक ऐन, भाषा आयोगको सिफारिस वमोजिम प्रदेश कामकाजको भाषा समन्धि ऐन, प्रदेश निजामती कर्मचारी सेवा ऐन लगायतका अन्य अत्यावश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४. संघ, प्रदेश र स्थानीय तहको विकास कार्यक्रममा तालमेल ल्याउने र तल्लो तहदेखि जनता र जनप्रतिनिधिहरुको भावना समेट्ने गरी योजना तर्जुमा प्रणालिको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

५. प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्न प्रदेश अनुसन्धान व्यूरो गठन गरी सञ्चालन गरिनेछ ।

Scanned with CamScanner

६. प्रदेश समन्वय परिषद स्थापनाको आवश्यकता, भावना र मर्मलाई आत्मसात गरी यसलाई प्रभावकारी बनाइनेछ ।

## ग) शान्ति सुरक्षाको प्रत्याभूति र सुशासन

१. प्रदेशको शासकीय व्यवस्थामा प्रदेशवासी नागरिकले अनुभुती गर्ने गरी सुशासन कायम गरिनेछ । भ्रष्टाचारप्रति शुन्य सहनशीलता अपनाउँदै पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सेवालाई क्रमसः अनलाइन प्रणालीमा लगिनेछ ।

२. प्रदेश सरकारले सञ्चालन गर्ने सबै सार्वजनिक निर्माणका ठेक्का गर्नु पर्ने सबै ठेक्का इविडिंग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

३. सरकारले जनतालाइ उपलब्ध गराउने सेवालाई जनमैत्री, छिटो, छरितो, सुलभ, कम खर्चिलो एवं झन्झटमुक्त बनाइनेछ ।

४. अकारण र मनोमानी ढंगबाट दैनिक उपभोग्य बस्तुमा भएको मूल्य बृद्धिको नियन्त्रण गर्ने र प्रदेशभर मूल्यमा एकरुपता ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. प्रदेशको प्रशासनिक संरचनामा व्यापक सुधार गरी प्रत्येक जिल्लामा प्रदेश एकीकृत सेवा सञ्चालन कार्यालय स्थापना गरी सेवामा सहजीकरण र प्रशासनिक खर्च घटाउने काम गर्ने ।प्रदेश सरकारका कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश स्तरका कार्यालयहरु सेवाग्राहीको पायक पर्ने स्थानमा राखिनेछ ।

६. प्रदेश सरकार कार्य विभाजन नियमावलीलाई विषय क्षेत्र र कार्यबोझका आधारमा वैज्ञानिक ढंगले संशोधन गरी सोही आधारमा सरकारलाई पूर्णता दिइनेछ ।

## घ) आर्थिक नीति तथा कार्यक्रम

१. संघीय सरकारबाट प्राप्त गर्नु पर्ने अधिकार प्राप्त गरी वित्तिय संघीयताको मान्यता अनुरुप प्रदेश तहको अधिकार क्षेत्र भित्रको श्रोत साधनको प्रयोग गर्ने, गराउने व्यवस्था मिलाइनेछ ।

२. मानव संशाधनको आवश्यकताको प्रक्षेपण गरी मानव संशाधनको विकास गरिनेछ ।

३. पर्यावरण मैत्री, दीगो र योजनावद्ध तथा सन्तुलित भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ ।

४. सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यका आधारमा लगानीमैत्री वातावरणको निर्माण गरिनेछ । स्वदेशी लगानीलाई प्रोत्साहन तथा विदेशी लगानीलाई आकर्षित गरिनेछ ।

५. निर्वाहमुखि कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्दै जैविक मलको उत्पादन र प्रयोग तथा अर्गानिक उत्पादनका क्षेत्रलाई प्रोत्सहान गरिनेछ । कृषि उपजको बजार मूल्य तोकी खरिदको सुनिश्चितता र दैनिक तथा आधारभूत कृषिजन्य उपजमा आत्मनिर्भर हुने कार्यक्रम ल्याइनेछ ।।

६. प्रदेश सरकार, स्थानीय तहको सरकार, सहकारी तथा नीजि क्षेत्रको साझेदारीमा प्रत्येक स्थानीय तहमा आर्गानिक तथा अन्य कृषि उत्पादन खरिद विक्री केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।

७. पर्यटकीय क्षेत्रहरुको विकास गर्न पर्यटन पूर्वाधार निर्माणमा जोड दिने । कोभिड १९ बाट प्रभावित पर्यटन क्षेत्रको पुनरुत्थानका कार्यक्रम ल्याइनेछ । गुणस्तरीय तथा दिगो पर्यटन विकासका लागि प्राकृतिक, भौतिक, साँस्कृतिक तथा जैविक विविधतालाई उपयोग गरिनेछ ।

८. डिजिटल प्रदेश बनाउन सूचना तथा सञ्चार क्षेत्रलाई विकास र विस्तार गर्न ठोस नीति र कार्यक्रम तय गरिनेछ । नागरिकको सूचना र गोपनीयताको हकको सुनिश्चितता गर्दै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गराइनेछ।

९. संघीय सरकारसँग आवश्यक समन्वय एवं पहल गरी वागमति प्रदेशमा रहेका औद्योगिक क्षेत्रहरुलाई थप रुग्ण हुन नदिन प्रदेश मातहतमाल्याइ प्रभावकारी सञ्चालन गरिनेंछ ।

१०. सहकारी, उद्योग व्यवसायी, निर्माण व्यवसायी, गूठीहरुको समन्वयमा एक वडा एक साना उद्योग सञ्चालन गर्न प्रोत्सहानका कार्यक्रम सञ्चालन गरिनेछ ।

११. प्रदेशमा उत्पादित बस्तुहरुलाई विदेशी बजारमा पुर्‍याउने उद्योग र रोजगारी क्षेत्रलाई प्रभावकारी बनाउन प्रोत्साहन गरिनेछ ।

१२. ऐतिहासिक सम्पदाको संरक्षण र पुन निर्माण गरी सामाजिक आर्थिक विकासमा यसको सदुपयोग गर्ने र यसलाई पर्यटन विकाससंग जोडेर अगाडि बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. प्रत्येक पालिकामा हस्तकला ग्राम निर्माण गरी वागमती प्रदेशको पहिचानलाई राष्टिय अन्तराष्टिय क्षेत्रमा पुर्‍याउने र यसका माध्यमबाट परम्परागत सिपको रक्षा गर्दै वैदेशिक मुद्रा आर्जन गर्ने कार्य गरिनेछ ।

**ङ) सामाजिक रुपान्तरण**

१. प्रदेश भित्रका अतिसिमान्तकृत समुदायका विपन्न नागरिक एवं अति विपन्न नागरिकको जीवनयापनलाई सहज बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

२. मानव विकास सूचकाङ्कको अवस्था तथा जनसंख्या र भूगोलको आधारमा प्रदेशका सबै स्थानीय तहको सन्तुलित विकासमा जोड दिइनेछ ।

३. रोजगारमूलक र प्राविधिक एवं व्यावसायिक शिक्षामा जोड दिंदै गुणस्तरीय शिक्षालाई जनताको पहूच भित्र राख्न सार्वजनिक शिक्षा प्रणालिको सुदुढीकरण गरिनेछ ।

४. प्रदेश उच्च शिक्षा सम्वन्धि कार्यदलले दिएको प्रतिवेदनको आधारमा उच्च शिक्षा सम्वन्धि कार्यलाई कार्यान्वयनमा लगिनेछ ।

५. गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुंच स्थापना गर्न प्रदेश स्तरीय अस्पताललाई विस्तार र सुदुढ गरी स्वास्थ्य सेवालाइ जनताको सहज पहूँचमा पुर्‍याइनेछ ।

५. युवाहरुको नेतृत्व विकास, युवा उद्यमशिलता प्रवर्द्धन एवं युवा स्वरोजगार प्रोत्साहन आदिका माध्यमबाट रोजगारी वृद्धि गरी बेरोजगारी समस्यालाई हल गर्ने नीति लिइनेछ ।

६. सहकारी क्षेत्रलाई गरिबी उन्मुलन र रोजगार प्रवर्द्धनको क्षेत्रको रुपमा विकास गर्न प्राथमिकता दिँदै सहकारीमा रहेको लगानियोग्य पूँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न पाउने कानूनी व्यवस्था गरिनेछ ।

७. आधुनिक प्रविधिको अधिकतम प्रयोग गरी प्रदेशको सामाजिक रुपान्तरण र आधुनिकीकरणका लागि विज्ञान प्रविधिको अधिकतम उपयोग गर्दै युवा वैज्ञानिकलाई प्रोत्साहन तथा वैज्ञानिक अध्ययन अनुसन्धनमा जोड दिइनेछ ।

८. बाल अधिकारको संरक्षण र प्रयोग, जेष्ठ नागरिकको हेरचाह र सम्मान, लैंगिक अधिकारको संरक्षण र समानता कायम गर्ने कार्यक्रम ल्याइनेछ ।

९. खेलाडीहरुको व्यवसायीक सुरक्षा, तालिम लगायतका कार्यक्रम सञ्चालन गरी खेलकुदको समग्र विकास गर्न प्रदेश खेलकुद विकास कोष स्थापना गरी खेलको योजनावद्ध विकास गरिनेछ ।

१०. प्रदेशमा रहेका विभिन्न सिप विकास एवं तालिमका कार्यक्रमलाई एकीकृत गर्ने संरचनागत व्यवस्था गरी कार्यन्वयनमा ल्याउने र प्रदेश सरकारले आवश्यकता अनुसार आफ्नै खर्चमा तीन महिने, चार महिने, ६ महिने जस्ता मध्ययमस्तरका सिप विकास तालिम दिइ योग्य जनशक्ति तयार गरी स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

११.संचार क्षेत्रलाई स्वतन्त्र, आत्मनिर्भर बनाउँदै प्रदेशको विकास र प्रदेशवासीहरुको सेवामा आमसञ्चारको भुमिका निर्वाह गर्ने वातावरण बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. प्रदेशवासी जनतालाई स्वच्छ खानेपानीको ब्यवस्था मिलाउन बागमती प्रदेशभरका खानेपानी उपभोक्ता समितिहरुको अनुभवलाइ समेत समेट्दै कार्यक्रम अगाडि बढाइनेछ ।

१३. नेपालको संविधानको प्रस्तावनाको भावना र मर्म अनुरुप प्रदेशवासी नागरिलाई समाजवादी व्यवस्थाको सन्देश दिने गरी तथा सरकारी सेवालाई प्रभावकारी कार्यान्वयको लागि वडा स्तरबाट अभ्यास गर्ने गरी नमूनाको रुपमा **वडा समाजवादी कार्यक्रम** विकास गरी कार्यन्वयनमा ल्याइनेछ ।

१४. संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएका शसस्त्र संघर्ष, ऐतिहासिक जनआन्दोलन लगायतका लोकतान्त्रिक आन्दोलनका क्रममा भएका सहिदको सम्मान, सहिद परिवार, वेपत्ता परिवार, घाइते अपांग योद्धालाइ सम्मान र सेवा सुविधाका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**च) पर्यावरणीय सुरक्षामा प्रादेशीक भूमिका**

१. बन, वातावरणको संरक्षण गर्दै नदी नियन्त्रणका कार्यक्रमलाई प्राथमिकता दिने । चुरे, महाभारत पर्वत श्रृंखला, उच्च पहाड एवं हिमाली क्षेत्रमा बाढि, पहिरो, आगलागि लगायतका अन्य प्राकृतिक जोखिमयुक्त स्थानको पहिचान गरी संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. प्राकृतिक तथा गैर प्राकृतिक विपत्तिको जोखिम न्यूनिकरणका लागि एकीकृत विपत जोखिम न्यूनिकरण कार्यक्रम लागू गरिनेछ ।

३. प्राकृतिक सम्पदा र सम्पत्तीको संरक्षण एवं तीनको अधिकतम सदुपयोग मार्फत प्रदेशको भौतिक तथा आर्थिक विकासमा जोड दिइनेछ । बिशेष गरी बन, जंगल एवं ढुंगा, गिट्टि, बालुवा तथा अन्य बहुमुल्य खनिज पदार्थ प्रयोगमा भएका अनियमितता तथा प्रकृति माथि गरिने दोहनको अत्याचारी प्रवृत्तिलाई रोकी तीनको दीगो प्रयोग मार्फत प्रदेशको श्रोत बृद्धि गर्न खनिज बस्तु परिचालन बिशेष कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

४. जलवायु परिवर्तनका असर र जोखिमहरुलाई न्यूनिकरणका लागि सरकारी एवं गैर सरकारी नीति निर्माण र काम कार्वाही मार्फत जनचेतना एवं सतकर्ता अभिबृद्धि गरिनेछ ।

५. विकासका कार्य पर्यावरण मैत्री, सन्तुलित र न्यायोचित ढंगले अगाडि बढाइनेछ ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| मा. युवराज दुलाल | मा. राधा घले | मा. माधव पौडेल |
| ........................ | ........................ | ........................ |
| मा. बुद्धिमान माझी | मा. प्रभात तामाङ | मा. मिना ज्ञवांली |